ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं. प्रदेश, नेपाल

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np

प.स:-०७५/०७६
च.नं.:-२२५

मिति : २०७५/०६/२४

श्री सबै व्यवसायी, बुद्धिजीवि, सरोकारवाला संघसंस्था,
व्यक्ति एवं आम नागरिकहरु,
ऐसेलुखर्क गाउँपालिका,
खोटाङ ।

**विषय : अनुरोध सम्बन्धमा ।**

नेपालीहरुको महान पर्वहरु विजयादशमी, शुभदीपावली, नेपाल संवत तथा छठ लगायतका पर्वहरु सुरु भइसकेकाले आम ऐसेलुखर्कबासी आमाबुवा, दाजुभाइ, दिदिबहिनी एवं सम्पूर्ण नागरिकहरुमा सुख, सुस्वास्थ्य, शान्ति एवं संमृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दै चाडपर्वका समयमा तपसीलबमोजिम गर्नुभई चाडपर्वलाई सभ्य, सुसज्जित, एवं मर्यादित बनाउने कार्यमा सहयोग गर्नुहुन सबै सरोकारवाला एवं नागरिकहरुमा गाउँकार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**तपसील :**

१. मादक पदार्थ सेवन गरी सार्वजनिक स्थलमा होहल्ला तथा हिंडडुल नगर्ने ।
२. होटल व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले रातको ९ बजेभित्र विक्रिवितरण तथा पसल बन्द गर्ने ।
३. सार्वजनिक सवारी अवरुद्ध हुने गरि कुनै भौतिक संरचनाहरु (जस्तै पिङ, पसलहरु ) स्थापना नगर्ने ।
४. चाडपर्वका नाम वा बहानामा जुवा, तास लगायतका प्रतिबन्धित खेलहरु कुनैपनि स्थानमा नखेलाउने ।
५. सार्वजनिक/ सांस्कृतिक कार्यक्रमहरु संचालन गर्नुपर्ने भएमा स्थानीय प्रशासनसँग अनुमति लिएर मात्र संचालन गर्ने र तोकिएको स्थान/समयमा मात्रै कार्यक्रम संचालन गर्ने ।
६. व्यक्तिगत एवं सामुदायिक स्वस्थ्यमा ध्यान दिँदै दैनिक खानपान र आहारमा सचेत रहने ।
७. चाडपर्वका समयमा मासुजन्य पदार्थको प्रयोग अत्यधिक हुने हुनाले पशुबधलाई व्यवस्थित गर्ने एवं तोकिएको स्थानबाहेक पशुको वध नगर्ने ( धार्मिक रीतिअनुसारको हकमा सोहि बमोजिम गर्ने तर सरसफाईमा विशेष सतर्कता अपनाउने )
८. सबै प्रकारका सवारीचालक एवं सवारीधनीले ट्राफिक नियमको अनिवार्य पालना गर्ने,साथै क्षमताभन्दा बढी यात्रु ओसारपसार नगर्ने ।
९. विस्फोटक पदार्थ, पटका लगायतका प्रतिबन्धित सामाग्रीको विक्रिवितरण तथा प्रयोग नगर्ने ।
१०. चाडपर्वलाई सकेसम्म सरल र मितव्ययी बनाउदैं भड्किलो हुन नदिने ।

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं. प्रदेश, नेपाल

☎ ०३६-४११९०३
☎ ०३६-४११९०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np

प.स:-०७५/०७६
च.नं.:-

---

११. धार्मिक सहिष्णुताको उच्च सम्मान गर्दै आपराधिक/अवान्छित क्रियाकलापहरु नगर्ने, नगराउने र हुन नदिने , यदि कहिँकतै त्यस्तो हुन गएमा वा हुने संकेत देखिएमा तत्काल इलाका प्रहरी कार्यालय ऐसेलुखर्क मा ०३६–४११०९९ मा खबर गर्ने ।

२०७५/०६/२४

(जीवन निरौला)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

**श्री जिल्ला प्रशासन कार्यालय, दिक्तेल खोटाङ** : जानकारीका लागि अनुरोध छ ।

**श्री इलाका प्रशासन कार्यालय, ऐसेलुखर्क खोटाङ** : आवश्यक समन्वय तथा जानकारीका लागि अनुरोध छ ।

**श्री इलाका प्रहरी कार्यालय, ऐसेलुखर्क खोटाङ** : आवश्यक समन्वय तथा जानकारीका लागि अनुरोध छ ।

**श्री सबै वडा कार्यालयहरु, ऐसेलुखर्क गाउँपालिका** : आआफ्नो वडाभित्र उपरोक्तानुसार गर्नुगराउनुहुन अनुरोध छ ।